# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७८/०७९
च.नं. :- 

मितिः-२०७८/११ /०१

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

**आगामी आ.व.०७९/०८० मा न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना ।**

प्रस्तुत बिषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामि आ.व. २०७९/८० प्रदान गरिने न्युनतम रोजगारीमा संलग्न भई सामुदायिक विकास निर्माणका काममा योगदान दिन इच्छुक वेरोजगार व्यक्तिहरुले आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई **२०७८ फागुन महिना** भित्र वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि रित पूर्वक निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**बेरोजगार व्यक्तिमा सूचीकृत हुनका लागि आवश्यक मापदण्डहरुः**

१. निवेदक कम्तिमा १८ वर्ष पुरा भई ५९ बर्ष ननाघेको हुनुपर्ने।
२. निवेदन दिदाको मिति सम्म सोहि आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको हुनुपर्ने ।
३. स्वरोजगार मा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मिति सम्म सोही आर्थिक बर्षमा न्युनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको हुनुपर्ने।
४. पूर्ण विवरण सहित रित पूर्वक निवेदन दिई सामुदायिक विकास निर्माणका काममा सहभागी हुन इच्छुक हुनुपर्ने ।

**बेरोजगार व्यक्तिमा सूचीकृत हुनका लागि आवश्यक कागजात तथा अन्य जानकारीः**

१. निवेदकको विवरण स्पष्ट देखिने नागरिकताको फोटोकपी एक प्रति ।
२. निवेदक अन्यन्त्र बाट बसाईसराई वा बिवाह गरि आएको हकमा सोको दर्ता प्रमाणपत्रको प्रतिलिपि एक प्रति।
३. निवेदक अपाङ्ग भएको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि एक प्रति।
४. निवेदनमा निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको नाम, निवेदकसँगको नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सीप, रोजगारीको अवस्था, कुनै पनि किसिमको सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिए नलिएको विवरण, व्यक्तिगत आय, पारिवारिक आय लगाएत निवेदनमा भएका सम्पुर्ण विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।
५. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट, फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि, भिसा नं र फिर्ता भएको देश उल्लेख गर्नुपर्नेछ ।
६. निवेदक निरक्षर भएमा वा फारम भर्न असमर्थ भएमा वा निबेदनको ढाँचामा केहि अस्पष्टता भएमा वडा सचिवसँग समन्वय गर्नुपर्नेछ ।

(पुनश्चः हाल सूचीकृत बेरोजगार व्यक्तिहरुले समेत आगामि आ.व. २०७९।८० मा पुनः सूचीकृत हुन चाहेमा तोकिएको ढाँचाको बेरोजगारी दर्ताको निवेदन भर्नुहुन सूचित गरिन्छ। बेरोजगारी दर्ताको निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np तथा लिखु पिके गाउँपालिका कार्यालयको वेभसाईट www.likjupikemun.gov.np मा समेत उपलब्ध छ।)

बोधार्थः

१. श्री प्रशासन शाखा, लिखु पिके गाउँपालिका कार्यालय।
२. श्री सूचना तथा प्रविधि अधिकृत।( वेभसाईटमा अपलोड गरिदिनु हुन।)

.....................
प्रदिप राज बस्नेत
रोजगार संयोजक

प्रदिप राज बस्नेत
रोजगार संयोजक

# अनुसूची १

(प्रधामन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## बेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति /2077०३ 30/ गते मा .मन्त्रीस्तरको निर्णयानुसार संसोधित)

श्री वडा कार्यालय, मिति: ........................

वडा नं ..... नगरपालिका / गाउँपालिका ........................................., ................................ जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार स्थानीय तहद्वारा संचालित न्यूनतम / प्रदेश सरकार / रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थर:** ..........................................................................................

२. **लिङ्ग:** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरण:**

(अ) **वर्ग / समूह** : (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिवासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ......... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) **अल्पसंख्यक समूदाय** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) **परिवारको संख्या:**

१. **महिला:** ................ **पुरुष:** ................ **अन्य:** ................ **जम्मा:** ........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या: ........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

२. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

३. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? [ हो ] [ होइन ]

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: .................. महिना वा सुत्केरी भएमा :.................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ................................ न.पा. / गा.पा.: ......................... वडा नं.: .........

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. ............................................... इमेल: ...........................................

६. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क्र.सं. | पेशा | | क्र.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य .......................................... | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : ........................................... दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ...............................

९. आवेदक कृषिमा आश्रित परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादनले कति महिना खान पुग्दछ ? .............................. महिना

१०. बसोबासका लागि आफ्नै घर: (कुनै एकमा √ लगाउनुहोस) [ भएको ] [ नभएको ]

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१२. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस) [ छ ] [ छैन ]

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ...................................................... ....................................

............................................................... ............................................. ............................ ......................... ............

............................................................... ............................................. ............................ ......................... ............)

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ...................................... (अक्षरेपी ..........................................................................................................................)

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् ) [ छु ] [ छैन ]

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ............................ महिना देखि .......................... महिना सम्म

१९. बैंक खाताको विवरण (उपलव्ध भएमा) बैंकको नाम: ............................................................

बैंकको ठेगाना: ......................................... खाता नंबर: ..............................................खाताको प्रकार: .................

.20 निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [हो] [होइन]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ...............................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस) [हो] [होइन]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश .......................................................... पासपोर्ट नं .................................... .

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ...............................................................................
.......................................................................................................................
.......................................................................................................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: .............................................. मिति: ................................................ हस्ताक्षर ..................................

[दायाँ] [बाँया]

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ..................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ....................................................... हस्ताक्षर ..............................................